लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ८ को उपनियम (१) मा "कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद सिर्जना एवम् दर्ता नभई कर्मचारी नियुक्त गर्नु हुँदैन" र ऐ.ऐ. नियमावलीको उपनियम (२) मा "उपनियम (१) विपरीत कुनै कर्मचारी नियुक्ति गरी तलव भुक्तान गरेमा त्यसरी भुक्तान भएको तलब रकम नियुक्त गर्ने अधिकारीबाट असूल गरिनेछ" भन्ने उल्लेख रहेको देखियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ८ मा "गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन" भन्ने उल्लेख रहेको देखियो।

सो सन्दर्भमा सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ च.नं. ११३ को पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२/०६/०५ को निर्णय कार्यान्वयनको लागि भएको परिपत्र, लुम्विनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को व्यवस्था कार्यान्वयन गर्दा गाउँपालिकाबाट हुने सेवा प्रवाहमा असर पर्ने, भौगोलिक विकटताको कारणले जनशक्तिको अभाव रहने जस्ता समस्या र नयाँ दरबन्दी संरचनाको लागि हाल सम्म गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको हुँदा सेवा प्रवाह तथा गाउँपालिका सञ्चालनको लागि देहाय बमोजिम गर्ने निर्णय ।

(क) संघीय सरकार, प्रदेश सरकार र अन्य दातृ निकाय अन्तर्गतका संघ/संस्थासंग गरिएको सम्झौता अनुसार सशर्त तथा साझेदारी अनुदानबाट सेवा सुविधा पाउने गरी नियुक्त भएका करार कर्मचारी, हलुका सवारी चालक, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य स्वंय सेवकहरु, रोजगार संयोजक एवम् शिक्षकहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय ।

(ख) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि बजेट विनियोजन भई सेवा सुविधा लिने गरी सेवा प्रवाहको लागि आवश्यक्ताको आधारमा विगतबाट गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुलाई गाउँपालिका अनुदान दिई शिक्षा समितिको निर्णयानुसार काममा लगाइदै आएका शिक्षक, बाल बिकास सहजकर्ताहरुको करार सम्झौता तथा सेवा निरन्तरता यस आ.व. २०८२/०८३ असार मसान्तसम्मको लागि निरन्तरता दिने निर्णय ।

(ग) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि विनियोजित बजेटबाट सेवा सुविधा लिने गरी आवश्यक्ताको आधारमा बिभिन्न स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्तिहरु ज्यालादारी तथा करार

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

सम्झौता गरी काममा लगाइदै आएका स्वास्थ्यकर्मीहरु, स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगीहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय ।

(घ) आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट यस आ.व. २०८२/०८३ को लागि विनियोजित बजेटबाट सेवा सुविधा लिने गरी आवश्यक्ताको आधारमा गाउँपालिकाको कार्यालयमा कार्यरत प्राविधिक सहायक (कृषि), ना.प.स्वा.प्रा. (भेटनरी), सिभिल इन्जिनियर, अ.सव-इन्जिनियर, सव-इन्जिनियर, रोजगार सहायक, रोजगार प्राविधिक, हलुका सवारी चालक, कार्यालय सहयोगी तथा कार्यालय सहायक कर्मचारीहरुको करार सम्झौता यथावत राखी निरन्तरता दिने निर्णय ।

(ङ) संघीय सरकार, प्रदेश सरकारको सशर्त तथा साझेदारी अनुदान तथा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान स्रोतबाट लागत साझेदारी गरी गाउँपालिकाको कार्यालयको काममा सेवा करारमा कार्यरत OVOT अन्तर्गत ना.प्रा.स. र ना.प.स्वा.प्रा, MIS अपरेटर, फिल्ड सहायक कर्मचारीहरुको करार सम्झौता यस आ.व. २०८२/०८३ असार मसान्तसम्मको लागि निरन्तरता दिने निर्णय ।

(च) लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा नियमावली, २०८१ को व्यवस्था अध्ययन गर्दा परिच्छेद-३ नियम १३(१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कार्य अगाडी वढाउने र सो कार्यलाई सहजीकरण गर्न गाउँपालिका अध्यक्ष, अध्यक्षले मनोनित गरेका कार्यपालिका सदस्य २ (दुई) जना रहेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण उच्चस्तरिय समिति गठन गरी यथासिघ्र कार्य अगाडी बढाउने निर्णय ।

(छ) सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ च.नं. ११३ को पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२/०६/०५ को निर्णय कार्यान्वयनको लागि भएको परिपत्र अनुसार अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम सम्बन्धी परिपत्र सबै कार्यपालिका सदस्यलाई उपलब्ध गराउने र सो सम्वन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय ।

४.५.७ सम्मानित सर्वोच्च अदालतमा दिपेन्द्र प्रकाश मल्ल ले गंगादेव गाउँपालिका कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा रोल्पा समेत लाई विपक्ष बनाई परमादेश दायरी नं. ०८२-WO-०१९७ मा दायर गरेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०५/१६ गते निवेदकको माग वमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिम आदेश जारी हुन नपर्ने कुनै आधार, कारण भए सो समेत पेश गर्नु भनी आदेश भएकोले उक्त मुद्धामा लिखित जवाफ पेश गर्न, कानुन व्यवसायी मुकरर गर्न तथा मुद्धा सँग सम्वन्धित सम्पूर्ण कार्य गर्नको लगि रोल्पा जिल्ला गंगादेव गाउँपालिका कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाका सहायक शिक्षा अधिकृत श्री अंग बहादुर वलीलाई अख्तियारी दिने र मुद्धाको वहस पैरवी गर्नको लागि कानुन व्यवसायीको रुपमा अधिवक्ता भोजराज आचार्य लाई तोक्ने निर्णय ।

४.५.८ गंगादेव गाउँपालिकामा निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा निरन्तर वडा समितिको बैठक संख्या ६ ओटा र गाउँ सभाको २ ओटा बैठकमा उपस्थित नभएमा पालिकाबाट उपलब्ध हुने सेवा

बहादुर पुन
गा.पा.अध्यक्ष

सुविधा रोका गर्ने र वडा अध्यक्षको सिफारिस प्रत्येक महिना पदाधिकारी वडामा रहेको आधार सहितको सिफारिस गाउँपालिका कार्यालयमा प्राप्त भएमा मात्र सेवा सुविधा भुक्तानी गर्ने निर्णय ।

४.६ गाउँ कार्यपालिकाको मिति २०८२/०९/३० गते भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४.६.१ गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न शाखा तथा स्वास्थ्य शाखा मातहतका कार्यालयमा कार्यरत तपसिलका करार कर्मचारीहरुको मिति २०८२ माघ १ गते देखि लागु हुने गरी २०८३ असार मसान्त सम्म ६ महिनाको लागि करार सेवा नविकरण गर्ने निर्णय ।

तपसिल:

**गंगादेव गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको करार नविकरण विवरण**

| क.सं. | नामथर | पद | ठेगाना | कार्यरतकार्यालय | कार्यरत कार्यालयको ठेगाना | कै. |
|---|---|---|---|---|---|---|
| १ | पुजाके.सी. | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | २ नं. वडा कार्यालय | गंगादेव २ रोल्पा | |
| २ | टेकम डाँगी | अ.स.ई. | गंगादेव ४ रोल्पा | ४ नं. वडा कार्यालय | गंगादेव ४ रोल्पा | |
| ३ | पवन कुमार वली | कार्यालय सहायक | गंगादेव ४ रोल्पा | ४ नं. वडा कार्यालय | गंगादेव ४ रोल्पा | |
| ४ | पवन कुमारके सी | ना.प.स्वा.प्रा. | गंगादेव ४ रोल्पा | ४ नं. वडा कार्यालय | गंगादेव ४ रोल्पा | |
| ५ | युवराज वली | कृषि पाँचौं | गंगादेव ७ रोल्पा | ५ नं वडा कार्यालय | गंगादेव ५ रोल्पा | |
| ६ | टंक बहादुर बस्नेत | कार्यालय सहयोगी | गंगादेव ७ रोल्पा | ७ नं वडा कार्यालय | गंगादेव ७ रोल्पा | |
| ७ | भरत कुमार घर्तिमगर | ना.प.स्वा.प्रा. | गंगादेव १ रोल्पा | १ नं वडा कार्यालय | गंगादेव १ रोल्पा | |
| ८ | निम बहादुर बस्नेत | कम्प्युटरअपरेटर | गंगादेव ७ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| ९ | ऋषिराज शर्मा | उद्यमविकास सहजकर्ता | गंगादेव ५ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| १० | अनिता घर्ति | पोषण सहजकर्ता | गंगादेव २ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| ११ | विरेन्द्र पुनमगर | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| १२ | दिपा घर्ती | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| १३ | टिकाराम वली | ना.प्रा.स. | गंगादेव ३ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| १४ | वासुदेव डि.सी | अ.स.ई. | गंगादेव १ रोल्पा | वडा नं १कार्यालय | १ नं वडाकार्यालय | |
| १५ | जंग बहादुर के सी | अ.स.ई. | गंगादेव ७ रोल्पा | वडा नं ७कार्यालय | ७ नं वडाकार्यालय | |
| १६ | मिनाकुमारी वली | कार्यालय सहायक | गंगादेव ६ रोल्पा | वडा नं ६कार्यालय | ६ नं वडाकार्यालय | |
| १७ | अनिता बुढामगर | कार्यालय सहयोगी | गंगादेव ६ रोल्पा | वडा नं ६कार्यालय | ६ नं वडाकार्यालय | |
| १८ | करुणा डि.सी. वली | ना.प.स्वा.प्रा. | गंगादेव २ रोल्पा | वडा नं. ६ र ७ | ६ र ७ नं वडा | |
| १९ | सिता कुमारी खड्का | उद्यमविकास सहजकर्ता | गंगादेव ६ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| २० | कमल प्रकाश खत्री | ना.प.स्वा.प्रा. | गंगादेव ५ रोल्पा | ५ नं. वडा | ५ नं. वडा कार्यालय | |
| २१ | कमल बुढामगर | कार्यालय सहयोगी | गंगादेव ५ रोल्पा | ५ नं. वडा | ५ नं. वडा कार्यालय | |

बहादुर पुन
गा.पा.अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | चन्द्रा के.सी. | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | ३ नं. वडा कार्यालय | ३ नं वडा कार्यालय | |
| २३ | भरत डाँगी | कार्यालय सहायक | गंगादेव २ रोल्पा | ३ नं. वडा कार्यालय | ३ नं वडा कार्यालय | |
| २४ | धनमाया वली | कार्यालय सहयोगी | गंगादेव ७ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| २५ | केश बहादुर खत्री | कार्यालय सहयोगी | गंगादेव ५ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| २६ | हरीलाल वली | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| २७ | तिलसरा घर्ती बुढा | कार्यालय सहयोगी | गंगादेव १ रोल्पा | १ नं. वडा कार्यालय | गंगादेव १ रोल्पा | |
| २८ | गौरीलाल वली | कार्यालय सहयोगी | गंगादेव ७ रोल्पा | गाउँपालिका | गाउँपालिका | |
| २९ | सुवास विक | अ.हे.व. | गंगादेव ३ रोल्पा | आ.स्वा.के.लोदचौर | गंगादेव ५ रोल्पा | |
| ३० | त्रिपुरा वली | अनमी | गंगादेव ५ रोल्पा | आ.स्वा.के.लोदचौर | गंगादेव ५ रोल्पा | |
| ३१ | जुना पुनमगर | कार्यालय सहयोगी | गंगादेव ५ रोल्पा | आ.स्वा.के.लोदचौर | गंगादेव ५ रोल्पा | |
| ३२ | हरीकला डाँगी | अनमी | गंगादेव ३ रोल्पा | जिनाबाङ स्वा.चौ. | गंगादेव २ रोल्पा | |
| ३३ | भिम कुमार घर्ती | हेअ | गंगादेव २ रोल्पा | जिनाबाङ स्वा.चौ. | गंगादेव २ रोल्पा | |
| ३४ | सरिता कुमारी के सी | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | जिनाबाङ स्वा.चौ. | गंगादेव २ रोल्पा | |
| ३५ | सरस्वती राना | ल्याबटेक्निसियन | गंगादेव ६ रोल्पा | जिनाबाङ स्वा.चौ. | गंगादेव २ रोल्पा | |
| ३६ | देविसरा घर्ति | कार्यालय सहयोगी | गंगादेव १ रोल्पा | जिनाबाङ स्वा.चौ. | गंगादेव २ रोल्पा | |
| ३७ | करिष्मा केसी | अनमी | गंगादेव १ रोल्पा | आ.स्वा.के.गोर्जेले | गंगादेव ६ रोल्पा | |
| ३८ | चन्द्रप्रकाश पुनमगर | अहेव | गंगादेव ७ रोल्पा | आ.स्वा.के.गोर्जेले | गंगादेव ६ रोल्पा | |
| ३९ | गिता खड्का | कार्यालय सहयोगी | गंगादेव ६ रोल्पा | आ.स्वा.के.गोर्जेले | गंगादेव ६ रोल्पा | |
| ४० | प्रतिक्षा डाँगी | अनमी | गंगादेव ३ रोल्पा | आ.स्वा.के.कुकुरगारे | गंगादेव ३ रोल्पा | |
| ४१ | शर्मिला वस्नेत | कार्यालय सहयोगी | गंगादेव ३ रोल्पा | आ.स्वा.के.कुकुरगारे | गंगादेव ३ रोल्पा | |
| ४२ | मंगला कुमारी डाँगी | अनमी | गंगादेव ३ रोल्पा | आ.स्वा.के.कुकुरगारे | गंगादेव ३ रोल्पा | |
| ४३ | तिलक के सी | अहेव | गंगादेव ३ रोल्पा | आ.स्वा.के.कुकुरगारे | गंगादेव ३ रोल्पा | |
| ४४ | प्रेम वहादुर के सी | कार्यालय सहयोगी | गंगादेव ४ रोल्पा | पाखापानी स्वा.चौ. | गंगादेव ४ रोल्पा | |
| ४५ | टिका बुढामगर | कार्यालय सहयोगी | गंगादेव १ रोल्पा | ओत स्वा.चौ. | गंगादेव १ रोल्पा | |
| ४६ | कमल के सी | अहेव | गंगादेव ७ रोल्पा | रौंक स्वा.चौ | गंगादेव ७ रोल्पा | |
| ४७ | कल्पना कुमारी वली | कार्यालय सहयोगी | गंगादेव ४ रोल्पा | सा.स्वा.ई.किलोठोके | गंगादेव ४ रोल्पा | |
| ४८ | यशोदा वली | अनमी | गंगादेव २ रोल्पा | सा.स्वा.ई.किलोठोके | गंगादेव ४ रोल्पा | |
| ४९ | लक्ष्मी डाँगी | अनमी | गंगादेव १ रोल्पा | सा.स्वा.ई.गम्थले | वडा ३ रोल्पा | |
| ५० | ओम कुमारी चन्द | कार्यालय सहयोगी | गंगादेव ७ रोल्पा | रौंक स्वा.चौ | गंगादेव ७ रोल्पा | |
| ५१ | चन्द्रा डाँगी | अहेव | गंगादेव ३ रोल्पा | सा.स्वा.ई.गम्थले | गंगादेव ३ रोल्पा | |
| ५२ | खर्सरा कुमारी के सी | कार्यालय सहयोगी | गंगादेव २ रोल्पा | सा.स्वा.ई.गम्थले | गंगादेव ३ रोल्पा | |
| ५३ | ग्रीष्मा कुमारी वली | कार्यालय सहयोगी | गंगादेव ६ रोल्पा | रौंक स्वास्थ्य चौकी | गंगादेव ७ रोल्पा | |
| ५४ | किरण के सी | सब-इन्जिनियर | गंगादेव ६ रोल्पा | गंगादेव गाउँपालिका | वडा नं ५ | |
| ५५ | तिलक के सी | सूचनाप्रविधि अधिकृत | गंगादेव ३ रोल्पा | गंगादेव गाउँपालिका | गंगादेव २ रोल्पा | |

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५६ | लक्ष्मी महरा | अ.न.मी. | गंगादेव १ | ओत स्वा.चौ. | वडा नं. १ | |
| ५७ | भुपलाल वली | फिल्डसहायक | गंगादेव ७ | गाउँपालिका | वडा नं. २ | |
| ५८ | दिपा थापा | कार्यालय सहयोगी | गंगादेव ४ रोल्पा | पाखापानी स्वा.चौ. | वडा नं. ४ | |
| ५९ | विक्रम हमाल | इन्जिनियर | गंगादेव ५ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६० | टिकाराम डाँगी | सामाजिक परिचालक | गंगादेव २ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६१ | नरेन्द्र कुमार के.सी. | कार्यालय सहयोगी | गंगादेव ४ रोल्पा | ४ नं. वडा कार्यालय | वडा नं. ४ | |
| ६२ | निम बहादुर पुन | गाडी चालक | गंगादेव ६ रोल्पा | गाउँपालिका | वडा नं २ | |
| ६३ | बुद्धिसिंह वली | खेलकुद प्रशिक्षक | गंगादेव १ रोल्पा | गाउँपालिका | वडा नं २ | |
| ६४ | निर्मला कुमारी खड्का | अ.न.मी. | गंगादेव ६ रोल्पा | रौंक स्वास्थ्य चौकी | वडा नं. ७ | डोर हाजिर |
| ६५ | इन्द्रब हादुर वली | गाडी चालक | गंगादेव ४ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६६ | तिर्थ राज वली | एम.आइ.एसअपरेटर | गंगादेव ४ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६७ | जगत किरणडि.सी. | रोजगार सहायक | गंगादेव १ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६७ | चन्द्र बहादुर वली | रोजगार प्राविधिक | गंगादेव ७ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६८ | निर्मला कुमारी गौतम | मनोसामाजिक परामर्श कर्ता | गंगादेव ५ रोल्पा | गाउँपालिका | वडा नं. २ | |
| ६८ | गोपाल कुमार वि.क. | सहायक कविराज | त्रिवेणी गा.पा. रोल्पा | आयुर्वेद स्वास्थ्य केन्द्र | वडा नं. ५ | |
| ७० | खिमा कुमारी पाण्डे | रोजगार संयोजक | | गाउँपालिका | वडा नं. २ | |

४.७ गाउँ कार्यपालिकाको मिति २०८२/१०/२१ गते भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४.७.१ गाउँपालिकाको आर्थिक विकास समितिको मिति २०८२ असार १४ गते वसेको बैठ्कबाट आ.व. २०८२/०८३ मा कृषि विकास शाखालाई विनियोजन गरिएको रकम रु. ४२ लाखबाट बाँडफाँड गरी छनौट गरिएका कार्यक्रमहरु स्विकृत गर्ने निर्णय ।

४.७.२ आ.व. २०८३/०८४ मा नेपाल सरकारबाट प्रदान गरिने समपूरक र विशेष अनुदानको लागि नेपाल सरकारको अनुदान वितरण सम्बन्धी समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ बमोजिम तोकिएको रकम सिमा र शर्तहरुको आधारमा देहाय बमोजिमका योजनाहरु/आयोजनाहरु/कार्यक्रमहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय ।

**क) समपूरक अनुदान तर्फ**

| | समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | | वडा नं. | कुल/अनुमानित लागत | ठेक्का रकम | लागत साझेदारी | | नयाँ/क्रमागत |

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

| | योजना वा कार्यक्रमको नाम | | | | संघ | स्थानीय | प्राथमिकताक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| १ | गंगा मा.वि. १२ कोठे विद्यालय भवन निर्माण योजना | २ | २ करोड एकानब्बे लाख चौबिस हजार | एक करोड नब्बे लाख पच्चीस हजार तिन सय एकतिस | अट्सठी लाख | अट्ठाइस लाख | १ | क्रमागत |
| २ | सुखाओडार, जायचौर, ताप्ला, रातामाटा मोटर बाटो स्तरउन्नती तथा निर्माण | २,६,७ | एक करोड | - | - | - | १ | नयाँ |
| ३ | सानडाँडा, लोदचौर, म्वालेखोला, डलसिङ्गे मोटर बाटो स्तर उन्नती | २,४,५ | एक करोड | - | - | - | २ | नयाँ |

ख) विशेष अनुदान तर्फ

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजना वा कार्यक्रमको नाम | वडा नं. | कुल/अनुमानित लागत | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १ | मुलखोला घारिचौर कृषि क्षेत्र लिफ्टिङ सिंचाई निर्माण योजना | १ | १०००००० | १ | नयाँ |
| २ | पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रिय पोषण सेवा विस्तार कार्यक्रम | पालिका स्तरिय | १०००००० | २ | नयाँ |
| ३ | सेरङखोला, पुर्णागाउँ, हेलङखोला, सुखाओडार करिङ्जीबोट खानेपानी निर्माण | २ | १०००००० | ३ | नयाँ |

४.७.३ गाउँपालिकामा रहेको बहुक्षेत्रिय पोषण कार्यक्रमका लागि आ.व. २०८२/०८३ का देहायका स्रोतहरुबाट व्यहोर्ने गरी उक्त कार्यक्रमको निम्न बमोजिमका कार्यक्रमहरु स्विकृत गर्ने निर्णय ।

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

नेपाल सरकारबाट प्राप्त अनुदानः- रु. ३१ लाख २५ हजार

स्थानीय तहबाट विनियोजन रकमः- रु. २ लाख

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम रु. | स्रोत | इकाई | लक्ष्य | कार्यान्वयनको क्षेत्र | वार्षिक कार्ययोजना |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरिय पोषण तथा खाद्य सुरक्षा सम्वन्धि बैठक | ८० हजार | स्थानीय तह | संख्या | २ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| २ | वडास्तरिय पोषण तथा खाद्य सुरक्षा सम्वन्धी बैठक | ८० हजार | स्थानीय तह | संख्या | ७ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| ३ | विपन्न आमा समूह अभिमुखिकरण तथा अनुगमन खर्च | ४० हजार | स्थानीय तह | | २ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| ४ | पोषण सहजकर्ताको तलब, पोशाक र संचार | ३ लाख ३५ हजार | वैदेशिक | पटक | १ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| ५ | पोषण सचेतना सम्वन्धि रेडियो/टिभि/जिंगल/संवाद उत्पादन तथा प्रशारण | ४० हजार | वैदेशिक | पटक | २ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| ६ | पोष्टर पम्पेलेट, बाल पेन्टिङ वितरण | ८० हजार | वैदेशिक | पटक | १ | शासकीय प्रबन्ध | दोस्रो चौमासिक |
| ७ | पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | ६ लाख २५ हजार | वैदेशिक | पटक | १ | कृषि तथा पशुपन्छी क्षेत्र | दोस्रो चौमासिक |
| ८ | महिनावारी, सरसफाई र स्वच्छता सम्बन्धि सचेतना अभियान कार्यक्रम | ३ लाख | वैदेशिक | पटक | सबै वडा | महिला बालबालिका क्षे | दोस्रो चौमासिक |
| ९ | बाल विवाह न्युनीकरण तथा अन्त्यका लागि सामाजिक अभियानमूलक कार्यक्रम | २ लाख | वैदेशिक | संख्या | सबै वडा | महिला बालबालिका क्षेत्र | दोस्रो चौमासिक |
| १० | जोखिमपूर्ण समयमा हात धुने अभियान तथा व्यक्तिगत सरसफाई तथा स्वच्छता सम्वन्धि सचेतना कार्यक्रम | २ लाख | वैदेशिक | संख्या | सबै वडा | खानेपानी क्षे | तेस्रो चौमासिक |
| ११ | विद्यालय स्तरिय पोषण सचेतना कार्यक्रम | ४ लाख | वैदेशिक | संख्या | ७वडा | शिक्षा | दो.चौ. |
| १२ | पोषण कर्णरका लागि सामग्री खरिद | ७५ हजार | वैदेशिक | संख्या | १ | स्वास्थ्य क्षेत्र | दो.चौ. |
| १३ | पाँच वर्ष मुनिका बालवालिकाहरुको वृद्धि अनुगमन तथा पोषण शिक्षा कार्यक्रम | ४ लाख | वैदेशिक | संख्या | सबै वडा | स्वास्थ्य क्षेत्र | तेस्रो चौमासिक |
| १४ | कुपोषित बालवालिकाको लागि पोषण प्रवर्द्धन कार्यक्रम | १ लाख ७० हजार | वैदेशिक | संख्या | सबै वडा | स्वास्थ्य क्षेत्र | तेस्रो चौमासिक |
| १५ | खाद्य स्वच्छता सम्बन्धि सचेतनामूलक कार्यक्रम | ३ लाख | वैदेशिक | संख्या | सबै वडा | स्वास्थ्य क्षेत्र | तेस्रो चौमासिक |
| जम्मा | | रु ३३ लाख २५ हजार | | | | | |

४.७.४ गंगादेव गाउँपालिकामा आ.व. २०८२/०८३ मा संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत समुदायमा आधारित मातृ शिशु तथा बाल स्वास्थ्य हेरचाह तथा व्यवस्थापन सवलीकरण परियोजना शिर्षकको बजेट तपसिल बमोजिमको शिर्षकहरुमा विनियोजन भएको केहि शिर्षक सभाबाट संशोधन गरि अनुमोदन गर्ने निर्णय ।

तपसिलः

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वार्षिक कार्यक्रम<br>गंगादेव गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा | | | | | | | |
| आ.ब. : २०८२/०८३ | | | | आयोजना शुरु हुने मिति: २०८२।०४।०१ | | | अनुसूची-७ |
| बजेट संकेत/उपसंकेत: | | | | आयोजना पुरा हुने मिति: २०८३।०३।१५ गते सम्म | | | |
| कार्यक्रम शिर्षक/आयोजनाको नाम: स्वास्थ्य कार्यक्रम | | | | आयोजनाको कुल लागत: २,८४,०० | | | |
| कार्यक्रम कार्यान्वयन हुने स्थान: गंगादेव गाउँपालिका | | | | चालु आ.व.मा विनियोजित: | | | |
| संघिय सरकारबाट हस्तानरित कार्यक्रम (शसर्त )विशेष अनुदान चालु (समुदायमा आधारित मातृ तथा नबशिशु र बाल स्वास्थ्य हेरचाह तथा व्यावस्थापन सवलिकरण परियोजना ) | | | | | | | २८४०० रु हजारमा |
| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | | | इकाई | आ.व.२०८२/०८३ को लक्ष्य<br>वार्षिक | | कै. |
| | | | | | परिमाण | बजेट | |
| चालु खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरु: | | | | | | | |
| १ | स्वास्थ्य संस्था तथा बर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई SBA तालिम | नेपाल सरकार | नगद | NA | ८ | ८०० | |
| २ | एकिकृत बिशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम संचालन | नेपाल सरकार | नगद | NA | २ | १००० | |
| ३ | सामुदायिक सहभागितामा आधारित एकिकृत स्वास्थ्य सचेतना मुलक कार्यक्रम तथा महिला स्वास्थ्य स्वयं सेविकाको लागि क्षमता विकास तालिम संचालन | नेपाल सरकार | नगद | NA | ३३ | ९०० | |
| | चालु जम्मा रु. | | | | | २७०० | |
| पूँजीगत खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरु: | | | | | | | |
| १ | कुकुरगारे आधारभूत स्वास्थ्य सेवा केन्द्रमा बर्थिङ्ग सेन्टर र प्लासेन्टा पिट निर्माण | नेपाल सरकार | नगद | NA | १ | ५००० | |
| २ | लोधचौर आधारभूत स्वास्थ्य सेवा केन्द्रमा बर्थिङ्ग सेन्टर र प्लासेन्टा निर्माण | नेपाल सरकार | नगद | NA | १ | ५००० | |
| ३ | ओत स्वास्थ्य चौकीमा कुरुवा कक्ष निर्माण तथा बर्थिङ्ग सेन्टर मर्मत संभार तथा प्लासेन्टा पिट निर्माण | नेपाल सरकार | नगद | NA | १ | १५०० | |
| ४ | गोर्जले आधारभूत स्वास्थ्य सेवा केन्द्रमा बर्थिङ्ग सेन्टर तथा प्लासेन्टा पिट निर्माण | नेपाल सरकार | नगद | NA | १ | १५०० | |
| ५ | गाउँघर तथा खोप क्लिनिक भवन निर्माण तथा मर्मत | नेपाल सरकार | नगद | NA | ६ | १००० | |
| ६ | जिनावाङ्ग स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवन मर्मत, फर्निचर मर्मत तथा घेरवार | नेपाल सरकार | नगद | NA | १ | ३०० | |
| ७ | स्वास्थ्य संस्थाहरु, गाउँघर तथा खोप क्लिनिकहरु र बर्थिङ्थ सेन्टरहरुका लागि सामग्रीहरु खरिद | नेपाल सरकार | नगद | NA | ९ | २७०० | |
| ८ | बर्थिङ्ग सेन्टरहरु स्वास्थ्य चौकीहरु आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु सामुदायिक स्वास्थ्य ईकाइ केन्द्रहरु गाउँघर क्लिनिकहरु खोप क्लिनिकहरुका लागि फर्निचर सम्बन्धि सामग्रीहरु खरिद | नेपाल सरकार | नगद | NA | ० | ९९० | |
| ९ | स्वास्थ्य संदेश प्रवाह गर्न सबै स्वास्थ्य संस्थाहरुमा डिजिटल बोर्ड जडान तथा व्यवस्थापन खर्च | नेपाल सरकार | नगद | NA | ९ | ६५५ | |
| १० | प्रत्येक स्वास्थ्य संस्थाहरुमा बढी क्षमताको सोलार ब्याकअप र इन्भटरको व्यवस्था | नेपाल सरकार | नगद | NA | ९ | ९८० | |
| ११ | गंगादेव गाउँपालिकाको सबै गाउँ टोलमा पुग्ने गरि बिरामी बोक्न स्ट्रेचर खरिद तथा वितरण | नेपाल सरकार | नगद | NA | ० | ९९५ | |
| १२ | पाखापानी स्वास्थ्य चौकीमा प्लासेन्टा पिट निर्माण, बर्थिङ सेन्टरमा ट्याल लगाउने साथै कुरुवा कक्ष निर्माण | नेपाल सरकार | नगद | NA | १ | १००० | |
| १३ | ल्याब सेवा संचालन तथा ब्यवस्थापन सामान खरीद | नेपाल सरकार | नगद | NA | १ | ८८० | |

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्रहरु गम्थले र किलाठोकेमा प्लासेन्टा पिट निर्माण तथा घेरवार | नेपाल सरकार | नगद | NA | ० | ४०० | |
| १५ | रोँक स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरीद | नेपाल सरकार | नगद | NA | १ | १४०० | |
| १६ | पाखापानी स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद | नेपाल स. | | | | १४०० | |
| - | पूँजीगत जम्मा रु. | | | | | २५७०० | |
| | कुल जम्मा | | | | | २८४०० | |

४.७.५ निर्णय नं. ५ को वजेट विनियोजन भएको हुँदा नं. १६ र १७ मा वडा नं. ४ र ७ का स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद सम्वन्धमा खरिद पश्चात संचालन, कर्मचारी व्यवस्थापन र कर्मचारीको त.भ. तथा मर्मत संभारको सम्पूर्ण जिम्मेवारी सम्वन्धि वडा र सम्बन्धित वडाको स्वास्थ्य संस्थाले लिनुपर्ने र त्यसको कुनै पनि प्रकारको व्ययभार पालिकाले नव्यहोर्ने निर्णय ।

४.७.६ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ बमोजिम आ.व. २०८२/०८३ का लागि कार्यक्रम संचालन गर्न तपसिलका वडाहरु छनौट गर्ने निर्णय ।

| क्र.सं. | वडा नं. | कै. |
|---|---|---|
| १ | गंगादेव गाउँपालिका वडा नं.२ | |

४.७.७ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय वमोजिमको उद्यम विकास समिति गठन गर्ने निर्णय ।

तपसिलः

१ हरि वहादुर पुन - संयोजक
२ अमृत वहादुर वली - सदस्य
३ प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४ टिकी वि.क. - सदस्य
५ अमृता घर्ती - सदस्य
६ विमला कुमारी डाँगी -सदस्य
७ उद्योग विकास शाखा प्रमुख - सदस्य सचिव

**४.८ गाउँ कार्यपालिकाको मिति २०८२/१२/०६ गते भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।**

४.८.१ निवेदक नविन पौडेलले गंगादेव गाउँपालिकालाई विपक्ष बनाई सर्वोच्च अदालतमा रिट नं ०८२-WO-०२४४ मा दायर गरेको निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०९/२९ गते निवेदकको माग बमोजिम आदेश किन जारी नगर्नु पर्ने हो ? सो कव कारण देखाउ आदेश जारी भएको हुँदा उक्त मुद्धामा लिखित जवाफ पेश गर्न कानुन व्यवसायी मुकरर गर्न, वारिस नियुक्ति गर्न तथा उक्त मुद्धासँग सम्वन्धित सम्पूर्ण कार्य गर्नको लागि रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ७ का रोनी पुनलाई अख्तियारी दिने निर्णय ।

हरि वहादुर पुन
गा.पा.अध्यक्ष

४.८.२ निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान अन्तर्गतको बजेटबाट सिद्धार्थ आ.वि. ओइलाम र जनता विकास मा.वि. सुपाटोट्केमा प्रति विद्यालय रु. ७५ लाख विनियोजन भएकोमा विद्यालय व्यवस्थापन समितिले कार्यपालिकामा पेश गरेको निर्णय तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम उपभोक्ता समिति गठन गरी कार्य अगाडी बढाउने निर्णय ।

निर्णय नं ५ :- प्रस्ताव नं ५ उपर छलफल गर्दा विभिन्न मितिमा स्विकृत भएका विधायन समिति संयोजकबाट प्रस्तुत भएका देहायका कानुन तथा कार्यविधिहरु छलफल गरि पारित गर्ने निर्णय गरियो ।

५.१ गंगादेव गाउँपालिका बाल संरक्षण मापदण्ड-२०८२ पारित गर्ने निर्णय गरियो ।

५.२ गंगादेव गाउँपालिकाको स्थानीय बालअधिकार समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो ।

५.३ गंगादेव गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातारणीय परिक्षण कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो साथै सोहि कार्यविधी बमोजिम सुखाओडार खोला, कोप्चीखोला तथा जायाचौरखोला आसपास क्षेत्रको IEA प्रकृया थालनी गर्ने निर्णय गरियो।

५.४ गंगादेव गाउँपालिकाको करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** :- प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०८२/०३/२८, २०८२/०५/०८, २०८२/०५/१४, २०८२/१०/०७ र २०८२/१२/०८ गते भएका बैठ्कका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** :- प्रस्ताव नं. ७ उपर छलफल गंगादेव गाउँपालिकामा रहेका तपसिल बमोजिमका समितिहरुले प्रस्तुत गरेका प्रतिवेदनहरु यस सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

७.१ गंगादेव गाउँपालिकाका विधायन समिति संयोजकले प्रस्तुत गर्नु भएको विधायन समितिको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

७.२ गंगादेव गाउँपालिका सुशानस समिति संयोजकले प्रस्तुत गर्नुभएको सुशासन समितिको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

७.३ गंगादेव गाउँपालिका लेखा समिति संयोजकले प्रस्तुत गर्नुभएको लेखा समितिको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** :- प्रस्ताव नं. ८ उपर छलफल गर्दा गंगादेव गाउँपालिकाको कार्यालय अन्तर्गत वडा कार्यालय, स्वास्थ्य संस्था तथा पालिकाको कार्यालयमा कार्यरत सत प्रतिशत राजश्व बाँडफाँडबाट तलब भुक्तानी हुने करार सेवाका कर्मचारीहरुलाई योगदानमा आधारित समाजिक सुरक्षा कोषमा आवद्ध गराउने निर्णय पारित गरियो ।

हरि बहादुर पुन
गा.पा.अध्यक्ष

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ उपर छलफल गर्दा गंगादेव गाउँपालिकाको कार्यालय अन्तर्गत वडा कार्यलाय, स्वास्थ्य संस्था तथा विद्यालयमा स्विकृत दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षकहरुलाई महंगी भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

माथि उल्लेखित प्रस्ताव तथा निर्णयहरु माथि छलफलमा भाग लिने गाउँ सभा सदस्यहरुले सभा सचिव कहाँ गई नाम टिपाउनुहोला ।

टिपाउने गाउसभा सदस्यहरु

क)

ख)

ग)

छलफलका लागी नाम टिपाउनुहुने गाउसभा सदस्यहरुलाई पालैपाले आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

प्रत्येक लाई समय ५ मिनेट हुनेछ ।

अव म माथि उल्लेखित सम्पुर्ण निर्णयहरु निर्णयार्थ गाउँसभामा पेश गर्न चाहन्छु । प्रस्तावको पक्षमा हुने गाउसभा सदस्यहरुले हुन्छ भन्नुहोला, प्रस्तावको विपक्षमा हुने गाउसभा सदस्यहरुले हुन्न भन्नुहोला।

- प्रस्तावको पक्षमा हुने सभा सदस्यले हुन्छ भन्नुहोस ।
- प्रस्तावको पक्षमा नहुने सभा सदस्यले हुन्न भन्नुहोस ।

माथि उल्लेखित सम्पुर्ण निर्णयहरुको विपक्षमा कुनै पनी गाउसभा सदस्य नरहेको हुदा गंगादेव गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ बमोजिम गाउँसभाको उपस्थिति सम्पूर्ण सदस्य संख्याको सर्वसम्वतिबाट अनुमोदन भएको घोषणा गर्दछु ।

२० औं गाउँ सभाको हिउँदे अधिवेशन अन्त्य भएको घोषणा गर्दछु । धन्यवाद

गंगादेव गाउँ सभाको निर्णय प्रमाणित गर्ने

दस्तखतः

नामः हरी बहादुर पुन

पदः गा.पा. अध्यक्ष

प्रमाणित मितिः २०८२।१२।११ गते ।